कम्पनी दर्ता नं: १२८३६७/०७१/०७२ ने.रा.बैंक/इ.प्रा./"घ"/४३/२०७१/०७२

# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कोशी प्रदेश स्तरीय 'घ' वर्गको वित्तीय संस्था

केन्द्रीय कार्यालय, इटहरी-०४, सुनसरी, फोन नं-०२५-५८८१७७,१७८

## Unaudited Financial Report (Quarterly)

As at 4th Quarter (2082.03.32) of the Fiscal Year 2081/082

(Rs. In '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2112711.31** | **1977259.66** | **1836046.58** |
| 1.1 | Paid-up Capital | 122443.45 | 122443.45 | 122443.45 |
| 1.2 | Reserves and Surplus | 85244.48 | 64636.40 | 35152.39 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1334957.98 | 1268924.15 | 1268098.73 |
| 1.5 | Deposits (a+b) | **461594.83** | **415401.32** | **349170.56** |
| | a. Domestic Currency | 461594.83 | 415401.32 | 349170.56 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | 396.58 |
| 1.7 | Other Liabilities | 108470.56 | 105854.34 | 60784.87 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2112711.31** | **1977259.66** | **1836046.58** |
| 2.1 | Cash & Bank Balance | 72965.91 | 25777.83 | 41874.39 |
| 2.2 | Money at call and short Notice | 37848.44 | 38141.76 | 101616.92 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **1929179.06** | **1843402.98** | **1667830.70** |
| 2.5 | Fixed Assets | 6500.12 | 7095.39 | 5765.84 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 65217.78 | 61841.71 | 17958.73 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 259967.88 | 180414.03 | 244797.73 |
| 3.2 | Interest Expense | 124707.47 | 93133.24 | 161798.20 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **135260.41** | **87280.79** | **82999.53** |
| 3.3 | Fees Commission and Discount | 1594.88 | 1068.61 | 1021.11 |
| 3.4 | Other Operating Income | 27427.03 | 20210.26 | 21503.20 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **164282.33** | **108559.66** | **105523.84** |
| 3.6 | Staff Expenses | 55797.51 | 41504.57 | 54078.44 |
| 3.7 | Other Operating Expenses | 28792.43 | 20485.94 | 23902.33 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **79692.39** | **46569.15** | **27543.07** |
| 3.8 | Provision for Possible Loss | | | 1801.53 |
| **D** | **Operating profit (C-3.8)** | **79692.39** | **46569.15** | **25741.54** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 1575.24 | 2080.15 | 8054.71 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **81267.62** | **48649.30** | **33796.24** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **81267.62** | **48649.30** | **33796.24** |
| 3.12 | Provision For Staff Bonus | 8126.76 | 4864.93 | 3379.62 |
| 3.13 | Provision For Tax | 21942.26 | 13135.31 | 9139.57 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **51198.60** | **30649.06** | **21277.04** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.09% | 9.53% | 8.73% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 1.58% | 1.64% | 1.82% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 37.32% | 35.96% | 39.42% |
| 4.4 | Cost of Funds | 6.99% | 7.19% | 9.99% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 417.94% | 443.76% | 477.66% |
| 4.6 | Base Rate | 11.95% | 12.38% | 16.70% |

| Interest Rate : | |
|---|---|
| Deposit : 7.5% - 10% | Loans and advance : 7% - 15% |

Note:
- Above Financial Figures are subject to change as per the directions of supervisory authority and external auditor.
- The previous period figures are regrouped and rearranged whenever necessary.

CamScanner

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची-१४
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

## आ.व. २०८१/०८२ को चौथो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरू :

| प्रति शेयर आम्दानी रू. | मुल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रू. | प्रति शेयर कुल सम्पत्तिको मुल्य रू. | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|
| ४१।८१ | ५५।२२ | १६९।६२ | १,७२५।४६ | २०।३९ |

२. व्यवस्थापकिय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण : समिक्षा अवधिमा तरलतामा देखिएको सहजता र फण्डको लागतमा आएको कमीले गर्दा संस्थाको सदस्य संख्या, ऋणी सदस्य संख्या, निक्षेप संकलन रकम, कर्जा लगानी रकम सन्तोषजनक रूपमा र आम्दानी लक्ष्य अनुरूपनै बृद्धी भई संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ ।

ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : कोशी प्रदेश कार्यक्षेत्र रहेको यस वित्तीय संस्थाले प्रदेशका ८ वटा जिल्लाहरूमा २८ वटा शाखा कार्यालयहरू मार्फत २४,७०८ सदस्यहरूमा लघुवित्त कार्यक्रम सञ्चालन गरी ग्रामिण भेगमा रहेका विपन्न वर्गका ग्राहक सदस्यहरूलाई वित्तीय साक्षरता प्रदान गर्दै गुणस्तरीय वित्तीय सेवाको पँहुच पुऱ्याउदै आईरहेको छ । संस्थाले नियामक निकायको निर्देशनको पालना गरि आर्थिक रूपले कमजोर विपन्न वर्गका समुदायमा सरल र सुलभ ढङ्गले औपचारिक बैकिङ्ग पहुँच पुऱ्याउने लक्ष्य राखेको छ ।
साथै, समय सापेक्ष ग्राहक सदस्यहरूको वित्तीय आवश्यकता परिपूर्तिका लागि ग्राहक केन्द्रित कर्जाका प्रकारहरू विकास गर्ने, बचत संकलन र डिजिटल प्रविधिको उच्चत्तम उपयोग गरी सेवाको गुणस्तर वृद्धी गरी विपन्न वर्गमा बैंकिङ्ग कारोवारलाई आधुनिकीकरण, सरल र सुरक्षित बनाई एक विश्वासिलो संस्थाका रूपमा यस वित्तीय संस्थालाई सबल बनाउदै, आगामी दिनहरूमा अवसरहरूको उपयोग र चुनौतीहरूको सामना गरी सबल, सक्षम एवम भरपर्दो संस्थाको रूपमा स्थापित गर्नमा व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : लघुवित्त क्षेत्रमा देखिएको नकारात्मक टिका टिप्पणी, सिमित वित्तीय स्रोत साधन, आयातमुखी अर्थतन्त्र, व्यापारिक क्षेत्रमा देखिएको मन्दी तथा विभिन्न समयमा हुदै गरेका सडक आन्दोलन, हुल हुज्जत आदीका कारण चुनौतीहरू वृद्धी हुने क्रम यथावत रहेकोले संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने देखिन्छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

क) समिक्षा अवधिमा संस्थाले वा संस्थाका विरूद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन ।

ख) समिक्षा अवधिमा वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) यस अवधिमा कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गर्ने हुँदा यसमा वित्तीय संस्था तटस्थ रहेको छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने आधारभूत सूचनाहरू प्रचलित ऐन नियमको परिधि भित्र रही प्रवाहित गर्ने गरेको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइटबाट प्राप्त विवरण अनुसार गत त्रैमासिक अवधिको शेयर कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रू.२,४९०।- | रू.१,९६८।१० | रू.२,३०८।९६ | ६३ | ३,५३५ |

५. समस्या तथा चुनौती : संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण ।

**आन्तरिक तथा बाह्य समस्या तथा चुनौतिहरू :**

सिमित वित्तीय स्रोत, साधन, दक्ष जनशक्तिको अभाव, बढ्दो सञ्चालन लागत आदी वित्तीय संस्थाका आन्तरिक चुनौतिका रूपमा रहेका छन । साथै, नियामक निकायको नीति तथा नियममा आउन सक्ने परिवर्तनहरू, वित्तीय बजारको तरलतामा हुने उतार चढाव, ग्राहक सदस्यहरूमा व्यवसायिकताको कमी, ग्राहक सदस्यहरूमा वित्तीय साक्षरता र बैंक तथा वित्तीय संस्थाहरूप्रति वित्तीय अनुपालनाको कमी, आयातमुखी अर्थतन्त्र आदी वित्तीय संस्थाका बाह्य चुनौतिका रूपमा रहेका छन ।

**रणनीतिहरू :**

कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि समय समयमा आन्तरीक तथा वाह्य रूपमा तालिम, गोष्ठिमा सहभागिता गराउने, लगानीमा विविधीकरण गर्दै जोखिम कम गरी विपन्न वर्गका ग्राहकहरूमा वित्तीय सेवा विस्तार गर्ने, व्यवसायिक दिगोपनामा सुधार गर्दै प्रतिस्पर्धी क्षमता बढाउने, वित्तीय जोखिम व्यवस्थापनका लागि शुक्ष्म रूपमा विश्लेषण गरी विवेकशिल जोखिम व्यवस्थापन नीतिलाई अंगिकार गर्दै जाने, कृषि तथा उत्पादनमूलक कर्जालाई प्राथमिकता दिदै राष्ट्रको कुल ग्राहस्थ्य उत्पादन वृद्धीमा टेवा पुऱ्याउने, पुराना र दक्ष कर्मचारीहरूले संस्था छाड्ने दरलाई न्युनिकरण गर्ने आदी रणनीतिहरू रहेका छन्।

६. संस्थागत सुशासन : नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू, कम्पनी ऐन, २०६३ (संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, आन्तरिक लेखापरिक्षण निर्देशिका, सूचना प्रणाली नीति, सम्पत्ति शुद्धीकरण अनुगमन निर्देशिका र अन्य आन्तरिक आवश्यक नीति निर्देशिकाहरू तयार गरी लागू गरिएको छ । आगामी दिनहरूमा नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन बमोजिम NFRS ढाँचामा वित्तीय विवरणहरू तयार गरिनेछ । त्यसैगरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पति शुद्धीकरण अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बूझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सु-सूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

CamScanner